# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
प्रदेश नं.३, नेपाल

२०७६/०७७
प.सं.:
च.नं.: ६४४

फोन नं. ०१-४३१५७६६
मिति : २०७७/०१/१२

**बिषयः चन्द्रागिरि नगरपालिकाबाट COVID-19 को संक्रमण रोकथाम र नियन्त्रणका लागि गरिएको कार्यहरुको प्रगति विवरण ।**

चन्द्रागिरि नगरपालिकाबाट कोरोना भाइरस (COVID -19) को संक्रमण रोकथाम, नियन्त्रण तथा राहत सम्वन्धमा मिति २०७६/१२/१० गते देखि २०७७/०१/१० गतेसम्म नियमित रुपमा भएका कार्यहरुको प्रगति विवरण देहाय अनुसार भएको व्यहोरा अनुरोध छ ।

१. हेल्थडेक्स नागढुङगाबाट : १०९१३ जनाको र नगर अन्तरगतका स्वास्थ्य संस्थाहरुबाट ११९५ जनाको स्वास्थ्य चेकजाँच गरिएको ।
२. नगरका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई स्वास्थ्य सुरक्षा पि.पि.ई. लगायत सामाग्रीहरु वितरण गरिएको ।
३. नगरपालिका अन्तरगतका १३ वटा स्वास्थ्य संस्थामा ज्वरो क्लिनिक सञ्चालन गरिएको ।
४. नगरपालिकामा आवश्यक पर्ने सम्पुर्ण औषधी तथा स्वास्थ्य सुरक्षाको भण्डारण गर्ने व्यवस्था गरिएको ।
५. नगर अन्तरगतका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको सहकार्यमा स्वाव संकलन गरेको व्यक्तिको APF हस्पिटल बलम्बु मार्फत १८७ जनाको PCR टेष्ट गरिएको र सबै जनाको नेगेटिभ रिर्पोट प्राप्त भएको ।
६. रिर्पोट प्राप्त भएको प्रत्येक दिन होम क्वारेन्टिन बसेका सवैको दैनिक फोन मार्फत स्वास्थ्य अवस्थाको जानकारी लिने व्यवस्था गरिएको
७. नगरकार्यपालिकावाट स्वीकृत भएको कम्वो प्याकेज भित्र रहि नगरपालिकाका १ देखि १५ वडाहरुबाट राहत प्राप्त गर्ने परिवार संख्या जम्मा ११७५९ रहेको ।
८. नगरपालिका भित्र रहेको आयल निगमको डिपो नगरपालिकाको नगर प्रमुख, नगर उपप्रमुख.नगरप्रवक्ता, वडा अध्यक्षहरु, यस नगरपालिकाकामा कार्यक्षेत्र रहेका सुरक्षा निकायका प्रमुखहरुको समन्वयमा इन्धनको सहजतालाई व्यवस्थित गरिएको ।
९. २०७६।१२।९ गते नगरप्रमुखको संयोजकत्वमा नगरपालिका अन्तरगतका स्वास्थ्य संस्था प्रमुख संग कोरोना सम्वन्धी अत्यावश्यक बैठक वसी कोरोना रोकथाम तथा नियन्त्रण समिति गठन र RRT समिति गठन, र नगरपालिकाको नाङढुङगा नाकामा हेल्थ डेक्स स्थापना गर्ने निर्णय, स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्ने सवै दिन सेवा दिने व्यवस्था गर्ने, कार्यालय प्रवेशमा सावुनपानीले अनिवार्य हातधुने व्यवस्था गरिएको ।

Email Address : chandragirimun@gmail.com

# चन्द्रागिरि नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

२०७६/०७७

प.सं.:..............................

च.नं.: ६४४

फोन नं. ०१-४३१५७६६

मिति : ०७७/०१/०२


१०. २०७६।१२।१० गतेको कार्यापालिका बैठकबाट कोरोना रोकथाम, नियन्त्रणका लागि बजेट व्यवस्थापन गरी प्रत्येक वडाले कोराना भाइरस सम्वन्धमा जनतालाई माइकिङबाट सुसुचित गर्ने तथा टोलटोलमा हातधुने व्यवस्था र स्प्रे गर्ने सो कार्यका लागि सुरक्षा निकायको सहयोगमा सम्पुर्ण वडामा स्प्रे भएको लिएको ।

११. २०७६।१२।१० मा नाङढुङगामा हेल्थ डेक्स स्थापना गरिएको । साथै यस नगरपालिकामा कार्यक्षेत्र रहेका सुरक्षा निकायहरु सम्मिलित नगरस्तरीय आपतकालिन वैठकबाट नगरलाई कम्तीमा ३ दिन लकडाउन गर्ने निर्णय र व्यवस्थापनको जिम्मेवारी तोक्ने व्यवस्था गरिएको ।

१२. २०७६।१२।११ गते मुलुक नै लकडाउन भैसकेको अवस्थामा सुरक्षा निकाय तथा नगरपालिकामा संचालित निजि स्वास्थ्य संस्थाहरुसंग कोरोना रोकथाम नियन्त्रण तथा उपचारमा जिम्मेवारी तोकिएको, त्यस्तै कोरोनाबाट बच्न जनचेतनाका लागि माइकिङ तथा किटनासक स्प्रे नगरपालिका, वडा तथा सुरक्षा निकायको सहकार्यमा छर्ने कामको शुरुआत गरिएको ।

१३. नेपाल सरकारले घोषणा गरेको लकडाउन पछि पनि हेल्थ डेक्सलाई निरन्तरता, अत्यावश्यक सेवा बाहेक नगर तथा वडाका नियमित सेवा वन्द गरिएको । अत्यावश्यक कर्मचारी बाहेक अरु कर्मचारीलाई तयारी अवस्थामा रहने व्यवस्था गरीएको ।

१४. २०७६।१२।१९ गते को कार्यपालिका बैठकबाट संघिय सरकारबाट प्राप्त कोरोना प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुलाई वितरण गर्ने मापदण्ड पास गरी ऐ चैत्र २२ गतेबाट वडाव्यवस्थापन समितिमार्फत राहत वितरणको व्यवस्था मिलाइएको । प्राथमिक अस्पताल थानकोटलाई १५ वेडको क्वारेन्टिन बनाइएको । जनप्रतिनिधी, स्वास्थ्यकर्मी र व्यवस्थापनमा खटिएका कर्मचारीको स्वास्थ्य जोखिमलाई ध्यान दिइ बीमा र सुविधा उपलब्ध गराउने निर्णय भएको ।

१५. २०७६।१२।२२ गते देखि वडा व्यवस्थापन समिति मार्फत राहत वितरण व्यवस्थापन गरिएको ।

१६. २०७६।१२।२२ गते नगरप्रमुखको संयोजकत्वमा प्रदेश सभाका सांसदहरुको उपस्थितीमा बसेको बैठक निर्णयबाट यस नगरपालिकाको वडा नं १ मा अवस्थित मनमोहन मेमोरियल अस्पतालको खाली भवनलाई प्रदेशस्तरीय क्वारेन्टिन अस्पताल बनाउन बागमती प्रदेशमा अनुरोध गरिएको ।

१७. २०७६।१२।२६ गते नगर प्रमुखको संयोजकत्वमा सुरक्षा निकायसँगको बैठकबाट लकडाउनलाई नगरपालिका क्षेत्रभित्र थप कडाइ गर्ने गरि लकडाउन उलंघन गर्नेलाई जरिवाना गर्ने कार्यलाई सुरक्षा निकायको सहयोगलिई व्यवस्थित गरिएको ।

१८. इच्छुक व्यक्ति तथा संस्थाले कोराना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण र राहत व्यवस्थापनका लागि सहयोग गर्न चाहेमा नगरस्तरीय विपद व्यवस्थापन समित कोषमा जम्मा गर्न आवाहन गरिएको ।

Email Address : chandragirimun@gmail.com

चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
प्रदेश नं.३, नेपाल


२०७६/०७७

प.सं.:..............................

च.नं.:....६४४...........

फोन नं. ०१-४३१५७६६

मिति :..०७७।१।१२...

१९. २०७७।१।२ गते प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरु माझ नगरपालिकाले लकडाउन पछि गरेका कार्यहरुको समिक्षा गरिएको ।

२०. सोही दिन सुरक्षा निकायको बैठकबाट नगरपालिकाभित्रका एम्बुलेन्स चालकलाई स्वास्थ्य सुरक्षा सहित थप जिम्मेवार गराउने व्यवस्था भएको । लकडाउन उलंघन गरे बापत प्राप्त जरिवानालाई नगरस्तरीय विपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय भएको ।

२१. २०७७।१।४ गते नेपाली सेना छाउनीको प्राविधिक सहयोगमा एम्वुलेन्स चालक तथा स्वास्थ्यकर्मीलाई कोरोना भाइरस स्वास्थ्य सुरक्षा डेमो प्रदर्शन गरिएको ।

२२. २०७७।१।४ गते नगरप्रमुखको संयोजकत्वमा एम्वुलेन्स चालक, एम्वुलेन्स धनीहरु विच छलफल गरी सवै एम्वुलेन्सका क्याविनमा सुधार गरी चालक स्वास्थ्य सुरक्षाको व्यवस्था गर्ने निर्णय भएको ।

२३. चालकहरुलाई नगरपालिकाबाट सुरक्षित पिपिइको व्यवस्था गरिएको र मातातीर्थ बैकुण्ठ नाथ दिव्यधामको एम्वुलेन्सलाई नगरको डेडिकेटेड एम्वुलेन्सको रुपमा राखिएको तथा नगर भित्र संचालनमा रहेका एम्वुलेन्स चालकलाई नगरपालिकाको तर्फबाट विमा गर्ने निर्णय भएको ।

२४. संघीय सरकार, उच्चस्तरीय कोरोना संकलन रोकथाम, नियन्त्रण तथा उपचार समन्वय समितिको विभिन्न मितिका निर्णयहरु कार्यान्वयनका लागि वडा कार्यालय,स्वास्थ्य संस्था, सुरक्षा निकायसँग निर्देशन, समन्वय,सहकार्य र सहयोग गरिएको ।

२५. प्रत्येक दिन जिल्ला प्रशासन,स्वास्थ्य तथा मन्त्रालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तथा सुरक्षा निकायमा प्रगती प्रतिवेदन इमेल मार्फत पठाउने व्यवस्था भएको ।

२६. विभिन्न संघ संस्था तथा व्यक्तिबाट राहत उपलब्ध गराउदा नगरपालिकाको अनुमति तथा वडाको समन्वयबाट मात्र वितरण गर्ने व्यवस्था गरिएको ।

२७. नगरपालिका तथा वडा मार्फत भएका कार्यहरुको नियमित रुपमा नगरप्रमुखको संयोजकत्वमा नगरका पदाधिकारीहरुबाट अनुगमन भएको सो समयमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरुबाट पनि अनुगमन भएको ।

२८. नगरपालिका अन्तरगत संचालित स्वास्थ्य संस्थाका कर्मचारीलाई स्वास्थ्य सुरक्षा सेट उपलब्ध गराईएको ।

२९. नगरपालिका अन्तरगत संचालित स्वास्थ्य संस्थामा औषधी आपुर्तीलाई व्यवस्थित गरिएको ।

३०. लकडाउनलाई प्रभावकारी बनाउन गस्ती गर्न र किटाणु रहित गर्ने स्प्रे गर्नका लागि नेपाली सेना बृजिङ महाशाखालाई खाजा खर्च र गाडी उपलब्ध गराइएको । त्यस्तै दैनिक रुपमा नगरपालिकामा खटिने नेपाल प्रहरीलाई खाजा खर्च लगायत बन्दोवस्तीका सुरक्षात्मक व्यवस्था गरिएको ।

३१. समस्यामा परेका र अत्यावश्यक काम परेका नगरपालिकाभित्र मजदुरी तथा अन्य कार्य गर्न आई बसेका व्यक्तिहरुलाई उनीहरुको गन्तव्यमा पठाउन सहयोग र सहजीकरण गरिएको ।

(कर्ण वहादुर भुवाजी)
अधिकृत दशौं

Email Address : chandragirimun@gmail.com